कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३
चलानी नं. (Dispatch No.) :

मिति(Date): २०८२/०६/२३

## विपन्न नागरिक औषधी उपचार कार्यक्रममा अनिवार्य स्वास्थ्य बीमा गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा बोर्ड बवरमहल, काठमाडौको मिति २०८२/०६/०२ च.नं. ६२० को स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्धता सम्बन्धी सार्वजनिक सूचना अनुसार नेपाल सरकारबाट अति कडा ८ किसिमका रोग (मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाइनल ईन्जुरी, हेड ईन्जुरी, सिकलसेल एनेमिया) लागेका यस नगरपालिका भित्र स्थायी बसोबास भएका सबै विपन्न नागरिकहरुले विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका २०७८ (पहिलो संशोधन २०८२) को दफा ४ को (क) मा विपन्न नागरिकलाई कडा रोगका लागि उपलब्ध गराउदै आएको औषधी उपचार सुविधा प्राप्त गर्न स्वास्थ्य बीमामा अनिवार्य बिमित हुनुपर्ने व्यवस्था रहेकोले सो निर्देशिका बमोजिमको सेवा निरन्तरता तथा नयाँ सेवाको लागि सम्पूर्ण सेवाग्राहीहरुलाई २०८२ असोज मसान्त भित्र स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्ध भई सक्नुपर्ने जानकारी प्राप्त भएकोले यस नगरपालिका भित्र बसोबास गर्ने ८ प्रकारको कडा रोग लागेका विपन्न नागरिकहरुले आफ्नो वडामा कार्यरत बीमा दर्ता सहयोगी मार्फत यही असोज मसान्तसम्म अनिवार्य रुपमा स्वास्थ्य बीमाको नविकरण तथा नयाँ दर्ता गर्न गराउनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ अन्यथा नेपाल सरकारबाट पाउने सेवा सुविधा सम्बन्धित अस्पतालबाट निर्देशिका अनुसार नहुने हुदा समयमै दर्ता नविकरण गर्नहुन अनुरोध छ ।

२०८२/०६/२३
..............................
राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

स्वास्थ्य बीमा दर्ता सहयोगीः

वडा नं. १ - पवित्रा वास्तोला - ९८६५१५५३३६
वडा नं. २ - पतिक्षा पोखरेल - ९८०५९८०८२६
वडा नं. ३ - अनिता कुमारी तामाङ्ग - ९७६५४७७४५
वडा नं. ४ - सरीता श्रेष्ठ - ९८४२९००६९६
वडा नं. ५ - पविता प्रधान श्रेष्ठ - ९८२४७९८०९६
वडा नं ६ र ७ - चन्द्र कुमारी दनुवार - ९८१६७४४७१८
वडा नं. ८ र १२ - दिलराम वराल - ९८६२६२६३४५
वडा नं. १० - लक्ष्मी श्रेष्ठ - ९८४२८०६९०३
वडा नं. ११ - भोज कुमारी राउत - ९८४०४९३५०२
वडा नं. १३ - कृष्ण पोखरेल - ९८४३१७८५४०
वडा नं. १४ - प्रेम कुमारी मगर - ९८४२९०१८८५

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८२।०८३
च.नं ६२०

मिति: २०८२।०६।०२

श्री विपन्न नागरिक औषधि उपचार कार्यक्रमसंग सम्बन्धित (सबै)

**विषय: स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आबद्धता सम्बन्धमा।**

प्रस्तुत विषयमा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (माननीय मन्त्रीस्तर)को मिति २०८२।०५।०४को निर्णयानुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका २०७८ (पहिलो संशोधन २०८२) स्वीकृत भई कार्यान्वयनमा आएको अवगत नै छ। उक्त निर्देशिका अनुसार बिपन्न नागरिक औषधि उपचार कार्यक्रमका दावीहरुको रुजु तथा भुक्तानी व्यवस्थापन स्वास्थ्य बीमा बोर्डमार्फत गरिने भएको छ।

विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका २०७८ (पहिलो संशोधन २०८२) को दफा ४ को (क) मा विपन्न नागरिकहरुलाई कडा रोगका लागि उपलब्ध गराईदै आएको औषधि उपचार सुविधा प्राप्त गर्न स्वास्थ्य बीमामा अनिवार्य बिमित हुनेपर्ने व्यवस्था रहेकोले यस निर्देशिका बमोजिमको सेवा निरन्तरता तथा नयाँ सेवाको लागि सम्पूर्ण सेवाग्राहीहरुलाई २०८२ असोज मसान्त भित्र स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्ध भईसक्नु पर्ने तथा उल्लेखित अवधिभित्र स्वास्थ्य बीमा गर्नुहुने नागरिकहरुको बीमा पोलिसी २०८२ मंसिर १ गतेबाट क्रियाशील हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि निर्णयानुसार अनुरोध छ।

डा. लक्षेश्वर प्रधान शाह
शाखा प्रमुख

श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, (सूचना वेबसाइटमा प्रकाशितको लागि)
श्री प्रदेश सम्पर्क कार्यालय, स्वास्थ्य बीमा बोर्ड, (सबै) (आवश्यक सहजीकरण गर्नुहुन)।
श्री जिल्ला सम्पर्क शाखा कार्यालय, स्वास्थ्य बीमा बोर्ड, (सबै) (आवश्यक सहजीकरण गर्नुहुन)।